सम्पर्क नं.
प्रमुख प्रसासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२ (सहकारी प्रवर्द्धन उपशाखा) मिति: २०८१/०४/२०
चलानी नं.१८०
नेपाल सम्वत् :११४४ दिल्लागा ३० आईतवबार

**टीकापुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई साधारण सभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी**

**जरुरी सूचना !**

सहकारी ऐन, २०७४ को दफा ३९(२) तथा टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८(२) बमोजिम टीकापुर नगरपालिका भित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले आगामी २०८१ पौष मसान्त भित्र सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ को पूर्ण पालना गर्नुका साथै देहायका विषयलाई आधार लिई साधारण सभा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिनभित्र साधारण सभाबाट पारित प्रतिवेदन यस कार्यालयको सहकारी प्रवर्द्धन उपशाखामा अनिवार्य रुपमा बुझाउन हुन अनुरोध छ। सहकारी सम्बन्धी ऐन, नियम, मापदण्ड वा निर्देशिका विपरित साधारण सभा सञ्चालन गरेमा वा तोकिए बमोजिम प्रतिवेदन पेश नगरेमा टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ८१ को उपदफा (२) मा उल्लेख भए बमोजिम जरिवाना गर्न सकिने व्यहोरा समेत यसै साथ जानकारी गराइन्छ।

१. सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सबै सदस्यलाई साधारण सभामा उपस्थितका लागि आव्हान गर्ने,

२. साधारण सभामा कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक संख्या नपुग्ने हुँदा गणपुरक संख्या पुऱ्याएर मात्र साधारण सभा संचालन गर्ने,

३. साधारण सभामा सदस्यहरुको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्रलाई तथा मन्तव्यको कार्यक्रम कम राखी सोझै एजेण्डा उपर सघन छलफल गर्ने वातावरण मिलाउने,

४. लेखा परीक्षण प्रतिवेदन, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन एवं पेश हुने अन्य सबै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,

५. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन हुने भए प्रचलित कानून, मापदण्ड, एवं विनियम बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येबाट निर्वाचित गर्ने,

६. साधारण सभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखा परीक्षण गर्न एक जना लेखा परीक्षक र आवश्यकतानुसार वैकल्पिक लेखा परीक्षक नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने,

७. संस्थाको विनियम संशोधन (नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात मात्र लागू गर्ने) कार्यविधि, नियमावली, नीति साधारण सभाबाट पारित गर्ने,

८. संस्थाको चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम साधारण सभाबाट स्वीकृति गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं.
प्रमुख प्रसासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२ (सहकारी प्रबर्द्धन उपशाखा) मिति: २०८१/०४/१७
चलानी नं. १८०
नेपाल सम्बत् :११४४ दिल्लागा १२ बिहीवार

९. साधारण सभाको प्रतिवेदन पेश गर्दा तपसिल बमोजिमका कागजातहरु समावेश गर्ने ।

तपसिल :

क. निम्नानुसारको ढाँचामा शेयर सदस्यहरुको उपस्थितिको प्रमाणित विवरण,

| क्र.सं. | शेयर सदस्यता नं. | शेयर संख्या | नाम, थर | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|

ख. साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि (अध्यक्ष वा सचिवबाट संस्थाको छाप समेत लगाई),

ग. सञ्चालक समितिका सबै र सञ्चालक समितिका सदस्य भन्दा १ जना बढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै सञ्चालक ११+ शेयर सदस्य १२ गरी २३ जना),

घ. आ.व.२०८०/२०८१ सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि (सम्वन्धित वडा कार्यालयबाट),

ङ. लेखा परीक्षण प्रतिवेदन (लेखा परीक्षक नियुक्तीको निर्णय सहित),

च. साधारण सभाबाट अनुमोदन वा स्वीकृत भएका प्रतिवेदनहरुको प्रमाणित प्रतिलिपि,

छ. कर चुक्ता (आ.व.२०८०/२०८१ आन्तरिक राजस्व कार्यालयको) प्रमाण पत्रको प्रतिलिपि,

ज. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (तेश्रो संशोधन समेत) मा भएका सबै व्यवस्थाहरु अनिवार्य पालना गरेको विवरण,

झ. निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नं., इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तिय जानकारी ईकाई तथा नियामक निकायमा उपलब्ध गराउने,

ञ. श्वेतपत्र (शेयर संख्या, रकम सहितको बचतकर्ता र ऋणीहरुको विवरण समेत) जारी गरी सम्पूर्ण सदस्यहरुलाई जानकारी गराई नियामक निकायमा जानकारी दिने,

ट. ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिको निर्णयले मात्र ऋण लगानी गरी साधारण सभाबाट अनुमोदन गराउने तथा सहकारी शिक्षा र वित्तिय साक्षरता कार्यकम संचालनमा जोड दिदै संस्थाको बचत वृद्धि र भाखा नाघेको ऋण असुललाई प्रभावकारी बनाउने,

ठ. सहकारी संस्थामा नयाँ सञ्चालक समिति गठन भएको भए नवनिर्वाचित सञ्चालक समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि (यदि टीकापुर नगरपालिका भित्र अस्थायी बसोबास गरेको भए वडा कार्यालयबाट अस्थायी बसोबास सिफारिस समेत) र तिनपुस्ते विवरण निम्नानुसारको ढाँचा अनुसार हुनुपर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२ (सहकारी प्रबर्द्धन उपशाखा) मितिः २०८१/०४/१७
चलानी नं. १८० नेपाल सम्बत् :११४४ दिल्लागा १२ बिहीवार

### सञ्चालक समितिका सदस्यहरुको विवरण

सहकारी संस्थाको नाम : ठेगाना :

| सि.नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप दाँया | औंठा छाप बाँया | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |

ङ. निम्नानुसारको ढाँचामा सहकारी संस्थाको यथार्थ विवरण ।

| नाम, ठेगाना | दर्ता नं. र मिति | किसिम | मुख्य कारोबार | सदस्य संख्या | | | गत आ.व.को वित्तिय विवरण | | | | | प्रत्यक्ष रोजगारी | कोपोमिसमा आवद्ध भए नभएको | सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रतिवेदन पेश गरे नगरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | शेयर पुँजी | जम्मा बचत | ऋण लगानी | स्थीर सम्पत्ती | जम्मा सम्पत्ति/ | | | |
| | | | | | | | | | | | | | | |

**नोट :** यस विषयमा थप जानकारी चाहिएमा टीकापुर नगरपालिकाको सहकारी प्रवर्द्धन उपशाखा मा सम्पर्क गर्नु हुन अनुरोध छ।

.............................
**दमन सिंह चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत एवं दर्ता गर्ने अधिकारी**

Website : www.tikapurmun.gov.np Email : sahakaritikapurmun@gmail.com